आज मिति २०८३ साल वैशाख १९ गते दिनको २:०० बजे यस रास्कोट नगरपालिकाका **नगर प्रमुख श्री धर्मराज शाही** ज्यूको अध्यक्षतामा तथा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको ५८ औं बैठक बसि देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

तपशिलः

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री धन बहादुर धामी | |
| कार्यवाहक वडा अध्यक्ष | श्री रत्ना देवी न्यौपाने | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| सदस्य सचिव | महेश अधिकारी | |

**प्रस्तावहरू**

प्रस्ताव नं. १, ससर्त अनुदान अन्तर्गत आयोजना/कार्यक्रम प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. २, कार्यविधि स्वीकृति सम्बन्धमा ।

प्रस्ताव नं. ३,प्रमुख प्रशासकीय अधिकृतको स्वागत सम्बन्धमा ।

प्रस्ताव नं. ४,बस्ती तथा टोलस्तर योजना तथा कार्यक्रम छनोट प्रक्रिया सम्बन्धमा ।

प्रस्ताव नं. ५, बैंक खाता सञ्चालन तथा वित्तीय अधिकार हस्तान्तरण सम्बन्धमा ।

प्रस्ताव नं. ६, विषयगत जिम्मेवारी तोक्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ कर्मचारी पदपुर्तिका लागि विज्ञापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ सामाजिक विकास कार्यालय, कालीकोटबाट विनियोजित बजेट सम्बन्धमा ।

प्रस्ताव नं. ९ क्याम्पस सञ्चालनला आवश्यक सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. १० अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान सम्बन्धमा ।

**निर्णयहरू**

**निर्णय नं. १:**

आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतबाट मिति २०८३/०१/०७ गते प्रकाशित "आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन हुने ससर्त अनुदान अन्तर्गत आयोजना/कार्यक्रम प्रस्ताव आह्वान सम्बन्धी सूचना" अनुसार देहायका योजनाहरू अनुसूची–१ र अनुसूची–३ बमोजिमका आवश्यक कागजात सहित सम्बन्धित निकायमा प्रस्ताव गरी पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिल:

१. बहलतोला देखि बिशाली सडक निर्माण (रास्कोट–१, कालिकोट)

२. मोड देखि कालासिल्ला सडक स्तरोन्नति (रास्कोट–६, कालिकोट)

३. सेतीकोट देखि देउरा मन्दिर सडक स्तरोन्नति (रास्कोट–५, कालिकोट)

४. बसपार्क तथा पार्किङ स्थल निर्माण (रास्कोट–५, कालिकोट)

५. कुडारेमष्टो मन्दिर देखि बेडढुङ्गा आर.सी.सी. सडक निर्माण (रास्कोट–८, कालिकोट)

**निर्णय नं. २:**

"स्थानीय सरकार सञ्चालन ऐन, २०७४" को दफा १०२ र १०३ बमोजिम प्रस्तुत कार्यविधिहरू स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिल:

१. रास्कोट नगरपालिकाको व्यावसायिक भवन तथा सटर भाडा व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८३

२.रास्कोट नगरपालिकाको व्यावसायिक भवन तथा सटर भाडा व्यवस्थापन तथा सञ्चालन सम्बन्धी सार्वजनिक–निजी साझेदारी (PPP) कार्यविधि, २०८३

३. रास्कोट नगरपालिकाको करार सेवामा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३

**निर्णय नं. ३:**

यस नगर कार्यपालिकाको बैठकमा हालै सरुवा भई यस नगरपालिकामा हाजिरी हुनु भएका प्रमुख प्रशासकीय अधिकृत तथा नगर कार्यपालिकाका सदस्य–सचिव श्री महेश अधिकारीज्यूलाई हार्दिक स्वागत गर्दै उहाँको कार्यकाल सफल, फलदायी तथा उपलब्धिमूलक रहोस् भन्ने शुभेच्छासहित सम्मानपूर्वक स्वागत गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ४:

यस नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री महेन्द्रजंग शाही सरुवा भई अन्यत्र जानु भएको र उहाँको स्थानमा हालै सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री महेश अधिकारीलाई नगरपालिकाको आर्थिक,

प्रशासनिक तथा वित्तीय कारोबार सञ्चालन गर्नुपर्ने भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित आर्थिक प्रशासनिक नियमावली बमोजिम देहाय बमोजिम निर्णय गरियो ।

देहायः

१. यस नगरपालिकाका नाममा रहेका सम्पूर्ण बैंक खाता सञ्चालन तथा वित्तीय कारोबार सम्बन्धी यसअघिका प्रमुख प्रशासकीय अधिकृत श्री महेन्द्रजंग शाहीको नाममा रहेको अधिकार तथा हस्ताक्षर नमूना खारेज गर्ने निर्णय गरियो।

२. हाल सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री महेश अधिकारीलाई यस नगरपालिकाका नाममा रहेका सम्पूर्ण बैंक खाता सञ्चालन, निक्षेप, भुक्तानी तथा अन्य वित्तीय कारोबार सञ्चालन गर्ने पूर्ण अधिकार प्रदान गर्ने निर्णय गरियो।

३. यस निर्णय बमोजिम सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूमा तत्काल पत्राचार गरी नयाँ प्रमुख प्रशासकीय अधिकृतको नमूना हस्ताक्षर अद्यावधिक तथा अभिलेखकरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

४. कोष तथा लेखा नियन्त्रण प्रणाली (SuTRA लगायतका विद्युतीय प्रणालीहरू) मा समेत नयाँ प्रमुख प्रशासकीय अधिकृतलाई आधिकारिक स्वीकृतकर्ता तथा हस्ताक्षरकर्ता (Approver/Authorizer) को रूपमा अद्यावधिक गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ः**

आ.व. २०८३/०८४ का लागि बस्ती तथा टोलस्तरबाट योजना तथा कार्यक्रम छनोट प्रक्रिया देहाय बमोजिम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियोः

१. प्रत्येक वडाभित्र रहेका बस्ती तथा टोलस्तरमा योजना छनोट बैठक सञ्चालन गर्ने।

२. बैठकको मिति, समय र स्थान कम्तीमा ३ दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउने।

३. सबै वर्ग, लिङ्ग, उमेर समूह तथा सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

४. स्थानीय आवश्यकता, समस्या तथा सम्भावनाका आधारमा योजना तथा कार्यक्रमहरू छलफल गरी प्राथमिकता निर्धारण गर्ने।

५. बस्ती/टोलस्तरबाट छनोट भएका योजनाहरूलाई वडा समितिमा संकलन गरी पुनः प्राथमिकता निर्धारण गर्ने।

६. प्राथमिकताका आधारमा योजनाहरू वडा समितिबाट स्वीकृत गरी नगरपालिकामा पेश गर्ने व्यवस्था मिलाउने।

७. योजना छनोट प्रक्रिया पारदर्शी, समावेशी र जवाफदेही बनाउने।

८. विगतमा अधुरा रहेका तथा उच्च प्राथमिकतामा परेका कार्यक्रम/योजनाहरूलाई विशेष प्राथमिकता दिई छनोट तथा कार्यान्वयनमा समावेश गर्ने।

९. वडा तथा बस्ती/टोलस्तरबाट छनोट भएका सम्पूर्ण योजनाहरू अनुसूची–३ अनुसारको ढाँचामा तयार गरी बैशाख मसान्तभित्र अनिवार्य रूपमा नगरपालिकामा पेश गर्ने व्यवस्था मिलाउने।

**निर्णय नं. ६ः**

स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ अनुसार नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरूलाई देहाय बमोजिम विषयगत क्षेत्र तोकी नगर कार्यपालिकाका सदस्यहरू तथा शाखा प्रमुखहरूलाई विषय क्षेत्रगत जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो।

| **सामाजिक विकास समिति** | |
|---|---|
| श्री मन तिरुवा | संयोजक |
| श्री रत्ना देवी न्यौपाने | सदस्य |
| श्री दंगली सार्की | सदस्य |

| | |
|---|---|
| श्री भेपुरा बम शाही | सदस्य |
| श्री उमा योगी | सदस्य |
| श्री रत्नमान रोकाय | सदस्य |
| श्री मिना शाही | सदस्य |
| श्री जनकराज न्यौपाने (स्वास्थ्य शाखा प्रमुख) | सदस्य सचिव |
| **आर्थिक विकास समिति** | |
| श्री उदयराम आचार्य | संयोजक |
| श्री धुर्वराज सिम्खडा | सदस्य |
| श्री कपुर महतारा | सदस्य |
| श्री अवैराम बराल | सदस्य |
| श्री कालो कामी लुवार | सदस्य |
| श्री राजु टमट्टा | सदस्य |
| श्री सुयिन्का न्यौपाने (कृषि शाखा प्रमुख) | सदस्य सचिव |

| **पुर्वाधार विकास समिति** | |
|---|---|
| श्री राजेन्द्र नाथ योगी | संयोजक |
| श्री कर्ण फर्साल | सदस्य |
| श्री पुनम बम शाही | सदस्य |
| श्री हरिचन्द्र शाही | सदस्य |
| श्री नामकर सिम्खडा | सदस्य |
| श्री जयपुरा उपाध्याय | सदस्य |
| श्री अतिमले कुमाल | सदस्य |
| श्री तारा वि.क | सदस्य |
| श्री नरेश शाही (इन्जिनियर) | सदस्य सचिव |

| **वातावरण तथा विपद् व्यवस्थापन समिति** | |
|---|---|
| श्री भैरे तिरुवा | संयोजक |
| श्री गोभिन्द्रा वि क सुनार | सदस्य |
| श्री अविलाल बराल | सदस्य |
| श्री मोहनविर फडेरा | सदस्य |
| श्री नरेन्द्र सहकारी | सदस्य |
| श्री कुल बहादुर शाही | सदस्य |
| श्री सतिनाथ योगी | सदस्य |
| श्री कलराज न्यौपाने (इन्जिनियर) | सदस्य सचिव |

| **संस्थागत विकास सेवा प्रवाह तथा सुशासन समिति** | | |
|---|---|---|
| १ | श्री दिनेश संज्याल | संयोजक |
| २ | श्री धन बहादुर धामी | सदस्य |
| ३ | श्री विर्खे सार्की | सदस्य |
| ४ | श्री परिलाल न्यौपाने | सदस्य |
| ५ | श्री सत्य बराल | सदस्य |
| ६ | श्री सुर्जा कुमारी रोकाय | सदस्य |
| ७ | श्री मिम बहादुर खड्का | सदस्य |
| ८ | श्री श्रृजना अधिकारी (प्रशाखन शाखा प्रमुख) | सदस्य सचिव |

**निर्णय नं. ७** रास्कोट नगरपालिका अन्तर्गत रास्कोट अस्पताल र नगर प्रहरी सेवामा रिक्त रहेका तहविहीन कार्यलय सहयोगी, चौकीदार र नगर प्रहरी भन्ने पदमा कर्मचारी सेवा करार मार्फत सेवा रास्कोट नगरपालिकाको सेवा करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि बमोजेम पदपुर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** कर्णाली प्रदेश सरकार , सामाजिक विकास कार्यालय,कालीकोटबाट कार्यान्वयन हुने गरि आ.व. २०८२।०८३ मा रु. ३० (तीस) लाख बाट रास्कोट नगरपालिका वडा नं. ६ स्थित श्री सिमम्षष्टा आ.वि. भवन निर्माण बजेट शिर्षकबाट भवन निर्माण सूधार कार्यकालागि यथाशिघ्र प्रकिया अगाडी बढाउन हुन सामाजिक विकास कार्यालयलाई अनुरोध गर्ने र निर्माण सुधार कार्य गर्दा स्वयम पालिका जिम्मवार र जवाफदेही हुने एवम् कुनै फरक परेमा पालिकानै उत्तरदायी हुने भएकाले विनियोजित बजेटबाट नै व्यवभार हुने गरी भवन निर्माण कार्यका लागि सम्झौता गरी नियमानुसार पेश्की रकम समेत उपलब्ध गराउन सम्बन्धित कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** रास्कोट बहुमुखी क्याम्पस, स्युना, कालीकोटमा थप विषय सञ्चालनका लागि सम्बन्धित निकायबाट स्वीकृति/सम्बन्धन प्राप्त भएमा उक्त क्याम्पस सञ्चालन तथा निरन्तरताका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, शैक्षिक तथा प्रशासनिक व्यवस्थापन र अन्य आवश्यक आर्थिक दायित्वहरू पूरा गर्न आवश्यक बजेट रास्कोट नगरपालिकाबाट व्यवस्थापन गर्ने प्रतिबद्धता गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो।

**निर्णय नं. १०** जिल्ला प्रशासन कार्यालय, कालीकोटको मिति २०८३ साल वैशाख १७ गतेको निर्णयानुसार अतिक्रमित सरकारी वा सार्वजनिक जग्गाको पहिचान गरि विवरण उपलब्ध गराउने सम्बन्धमा पत्र प्राप्त भएकाले यस स्थानीय तहमा रहेका अतिक्रमित सरकारी वा सार्वजनिक जग्गाको विवरण तयार गरि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो । साथै उक्त अतिक्रमित जग्गाको विवरण प्रत्येक वडा कार्यालयले ७ (सात) दिन भित्र संकलन गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११** माथि छलफल गर्दा रास्कोट नगरपालिका वडा नं. ८ स्थित **विकल्प स्मृति आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा बर्थिङ सेन्टर रास्कोट** ८ को मिति २०८३।०१।०२ गतेको निर्णयानुसार र मिति २०८३/०१।०२ गतेको १५ (पन्ध्र) दिने सूचना बमोजिम तोकिएको स-प्रमाण सहित रीतपुर्वक निवेदन संकलन गरी मिति २०८३।०१।१८ विकल्प स्मृति आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा बर्थिङ सेन्टर रास्कोट ८ लाई आवश्यक पर्ने १३० वर्गमिटर जग्गा स्वास्थ्य संस्थाको नाममा सरकारी प्रयोजनका लागि जग्गा बिक्री गर्न इच्छुक जग्गाधनी श्री मनिराज बरालको नाम दर्ता श्रेस्ता भएको कित्ता नं. ४०२ क्षेत्रफल १३० वर्गमिटर को जग्गा रोडबाटो वा बाटो निकास भएको आवासिय क्षेत्र अन्तर्गत पर्ने र यस स्वास्थ्य संस्थासंग जोडिएको सो जग्गा विकल्प स्मृति आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा बर्थिङ सेन्टर रास्कोट नं. ०८ को नाममा रजिष्ट्रेशन पास गर्न भूमि प्रशासन कार्यालय कालीकोट लाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** रास्कोट नगरपालिका र स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको सहलगानीमा संचालित बाँखरकोटी हुदैं नमुना बस्ती देखि तामाकोटसम्म सडक पुर्नस्थापना तथा पुनः निर्माण योजनाको ठेक्काबाट बचेको रकमलाई सोही योजनाको स्थलगत निरीक्षण तथा सडकको भौतिक अवस्थाको अध्ययन गर्दा उक्त योजनाको कार्य दुई फरक फरक स्थान स्कुल देखि ढाँडा खण्डमा रु. १०,००,०००।– ( अक्षरुपी दश लाख मात्र) र गजुराडा मोड देखि बगाने खोला खण्डमा रु. ५,३०,०००।– (अक्षरुपी पाँच लाख तीस हजार मात्र) रकमको छुट्टै लागत अनुमान गरी कोटेशनबाट निर्माण कार्य गर्नुपर्ने देखिएकाले सो योजनाको निर्माण कार्यलाई माथि उल्लेखित दुई खण्डमा अनुमान गरी कोटेशन बाट निर्माण कार्य कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** रास्कोट नगरपालिका र स्थानिय पूर्वाधार सहयोग कार्यक्रमको सह-लगानीमा संचालन हुने रास्कोट नगरपालिकाको बजारक्षेत्रमा वैकल्पिक उर्जामा आधारित सोलार सडक बत्ती (हाईमाक्स ) जडान योजनाको रु.१०,००,०००।– (अक्षरुपी दश लाख मात्र) बराबरको लागत अनुमान तयार गरी प्रचलित कानुनी व्यवस्था बमोजिम सोझै खरिद प्रक्रियामार्फत सम्पन्न गर्ने निर्णय गरियो ।